नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

नेपाली राजदूतावास
नयाँदिल्ली

मितिः २०७७/०६/०१

## ब्रेनगेन सेन्टर सम्बन्धी सूचना !

परराष्ट्र मन्त्रालय अन्तर्गत नीति, योजना, विकास कूटनीति तथा विदेशमा रहेका नेपाली सम्बन्धी महाशाखाको एक ईकाइको रूपमा रहेको ब्रेनगेन सेन्टरले विश्वका विभिन्न देशहरूमा विभिन्न भूमिकामा कार्यरत नेपाली विज्ञहरूको पहिचान गर्ने, अभिलेख राख्ने, कदर गर्ने र देश विकासका विभिन्न क्षेत्रहरूसँग जोड्दै वहाँहरूको प्रतिभाको सदुपयोग गर्न सहजिकरण गर्ने कार्य गरिरहेको छ । साथै उक्त सेन्टरले आफ्नो सामाजिक संजाल तथा वेवसाइटको माध्यमबाट नेपालमा वहाँहरूको विज्ञताको आवश्यकता भएका सरकारी निकाय तथा निजी क्षेत्रसँग सहकार्यको समन्वय एवं सहजिकरण गर्ने काम समेत गरिरहेको छ । हालसम्म ९३२ जना प्रवासी नेपाली विज्ञहरू सेन्टरमा आवद्ध भइसक्नुभएको छ । आवद्ध विज्ञहरू कृषि तथा पशुपालन, शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यटन, श्रम, कानून, वातावरण संरक्षण, शहरी विकास, खानेपानी, उर्जा लगायतका विविध क्षेत्रसँग सम्बन्धित हुनुहुन्छ ।

अत: यस नियोगस्थित तथा सह-प्रमाणीकृत देशहरू- भारत, अफगानिस्तान र भुटानमा कार्यरत उक्त सेन्टरमा आवद्ध भइनसक्नु भएका नेपाली विज्ञहरूलाई पनि उक्त सेन्टरको Web Portal: www.mofa.gov.np/bgc मार्फत् आवद्ध हुन प्रेरित गरिन्छ ।